आज मिति २०७४ साल आश्विन २८ गते शुक्रवारका दिन यस मकवानपुरगढी गाउँपालिकाको बैठक अध्यक्ष श्री बिदुर हुमागाईं ज्यू को अध्यक्षतामा बस्दा तपसिल बमोजिमको उपस्थिति गरियो।

उपस्थिती:

१. अध्यक्ष श्री बिदुर हुमागाईं [signature]

२. उपाध्यक्ष श्री हर्कमायाँ खम्वा [signature]

३. सदस्य श्री आइत सिं लो [signature]

४. सदस्य श्री बखान सिं पाखिन [signature] ०७४/०६/२८

५. सदस्य श्री भागवत घिमिरे [signature]

६. सदस्य श्री राम प्रसाद तिमल्सिना [signature]

७. सदस्य श्री जीत बहादुर घिमिरे

८. सदस्य श्री टीका प्रसाद दाहाल [signature]

९. सदस्य श्री सूर्य बहादुर खम्वा [signature]

१०. सदस्य श्री कुमार सिं घिसिङ [signature]

११. सदस्य श्री चिनीमायाँ लुङ्वा चिनी

१२. सदस्य श्री निर्मला बिश्वकर्मा निर्मला

१३. सदस्य श्री मञ्जु योन्जन मञ्जु

१४. सदस्य श्री बुद्धमायाँ योञ्जन बुद्धि

१५. सदस्य श्री पातली मायाँ मोक्ते Patali

Scanned with CamScanner

१६. सदस्य श्री सुरेन्द्र सुनार

१७. सदस्य सचिव श्री भीमराज कोइराला

१८. बैंक माइन्युट लेखन ना.सु. श्री युवराज पौड्याल

१९. लेखापाल श्री होमराज ढुङ्गेल

छलफलका विषयहरु:-

१. जग्गा प्राप्ति अनुदान सम्बन्धमा:-
२. गाउँ सभा बोलाउने सम्बन्धमा:-
३. योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण सम्बन्धमा-
४. आर्थिक सहायता सम्बन्धमा-
५. नितिगत निर्णय भएका विषयमा तोकिएको अधिकार प्रत्यायोजन सम्बन्धमा-
६. साविक गा.वि.स. भवन निर्माण सम्बन्धमा-
७. सवारी साधन खरिद सहयोग सम्बन्धमा-
८. सिवम सिमेन्टसंग कार्यगत सहमती गर्ने सम्बन्धमा-
९. ठेक्का धरौटी रकम फिर्ता गरिदिने सम्बन्धमा-
१०. सरसफाइ दूत सिफारिस गर्ने सम्बन्धमा-
११. गाडी भाडामा लिने सम्बन्धमा-
१२. ह्याचरी उद्योग सिफारिसको विरुद्धमा परेको रिटमा जवाफ तथा प्रतिनिधीको सम्बोधन सम्बन्धमा-

निर्णयहरु:-

निर्णय नं. १ – प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको वडा नं. ६ को वडा कार्यालय निर्माण गर्नको लागि गाउँपालिका आफ्नै जग्गा नभएको हुँदा उक्त प्रयोजनको लागि उपयुक्त जग्गाको खोजी भइरहँदा यसै गाउँपालिका अन्तर्गत वडा नं. ६ स्थायी क आमभञ्ज्याङ मा.वि. ले वडा नं. ६ मा स्थायी बसोबास गर्ने [illegible] ले वडा कार्यालय भवन निर्माणको लागि यस गाउँपालिकालाई जग्गा दान स्वरुप पास गरी दिने वचन दिनुभएकोले गाउँपालिकाले दान स्वरुप प्राप्त हुने उक्त जग्गा ग्रहण गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो साथै उक्त जग्गा प्राप्तीका लागि कार्यालयको प्रतिनीधिको

Scanned with CamScanner

रूपमा ना.सु. युवराज पौड्यानलाई तोक्ने निर्णय गरियो।

निर्णय नं. २ प्रस्ताव २ को सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाले तत्काल निर्णय लिनुपर्ने तपशिलका विषयहरूको सम्बन्धमा प्रक्रिया सम्पन्न गर्नको लागि आगामी २०७४ कार्तिक २८ गते मकवानपुरगढी गाउँपालिकाको विशेष गाउँसभा बोलाउने निर्णय सर्वसम्मत ~~सर्व~~बाट गरियो।

(I) गाउँपालिकालाई थप आवश्यक पर्ने ऐन, नियम तथा निति निर्माण गर्ने सम्बन्धमा :-

(II) गाउँपालिकाको मुख्य प्रशासनिक केन्द्र निर्धारण गर्ने सम्बन्धमा :-

निर्णय नं. ३. प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकालाई नेपाल सरकारबाट प्राप्त हुन आउने वित्तिय समानिकरणको अनुदान रकम तथा गाउँपालिकाको आफ्नै आन्तरिक आम्दानी बाट चालु आ.व. ०७४/०७५ मा सन्चालन गर्ने निर्णय भएका योजना तथा कार्यक्रमहरूमध्ये पहिलो प्राथमिकता दोस्रो प्राथमिकता र तेस्रो प्राथमिकता अनुसार जसरी तोकिएको कसोटी अनुसार सम्झौता गरी योजना संचालनको प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ को सम्बन्धमा छलफल गर्दा केही आर्थिक सहयोग उपलब्ध गराइपाउँ भनी यस गाउँपालिकामा पेश हुन आएका व्यक्ति तथा संघ संस्थाहरूलाई गाउँपालिका अध्यक्ष ज्यूको तोक आदेशमा विगतमा तपशिलको रकम भुक्तानी भएकोमा सो भुक्तानी रकम खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो साथै नेपाल नेत्रहिन संघको हेटौंडामा सन्चालन भइरहेको राष्ट्रिय स्तरको कार्यक्रम सहयोगको लागि रु.१५०००/- अक्षरुपी पन्ध्रहजार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

अनुमोदन भएको आर्थिक सहायताको विवरण

I) सुरक्षा अक्रामक तथा मौलो पूजा प्र.चौ. चौधरी रु.३०००/-

II) क्यान्सर रोग पिडित उपचार सहयोग सानुमाया परियार रु.१००००/-

[signature]

निर्णय नं. ५ प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका क्षेत्र भित्रको स्थानीय बासिन्दा भई आर्थिक विपन्नताको कारण प्राविधिक तथा उच्च शिक्षा हासिल गर्न नसकेका विपन्न परिवारका तपशिलको विषयका विद्यार्थीहरूलाई तपशिल बमोजिमको रकम अध्ययन सहयोग गर्ने भनि विगतको कार्यपालिकाको पुर्ण बैठकले गरेको नितिगत निर्णय अनुसारको रकम भुक्तानीको तोक आदेश गर्नको लागि गाउँपालिका अध्यक्ष श्री विदुर हुमागाई लाई अधिकार प्रत्यायोजन गर्ने सर्व सम्मत निर्णय गरियो-

आर्थिक सहायता प्राप्त गर्ने समुदाय र क्षेत्र :-

(१) विपन्न परिवार (२) दलित (३) जेहेन्दार (४) अपाङ्ग (५) पिछडा वर्ग

तोकिएको सहायता रकम :-

1) एम.बि.बि.एस. अध्ययनरत रु. ५०,०००।-
2) इन्जिनियरिङ /सव इन्जिनियरिङ रु. ४०,०००।-
3) १८ महिने र २० महिने कृषि/भेटेनरी अध्ययन गर्नेलाई रु. २०,०००।-
4) नर्सिङ तथा ल्याव टेक्नीसियन अध्ययन गर्नेलाई रु. ४००००।-
5) हेल्थ असिस्टेन्ट अध्ययन गर्नेलाई रु. २५०००।-
6) बि.एस.सी.(एजी) अध्ययन गर्नेलाई रु. ३०,०००।-

उपरोक्तानुसार बाहेक असाध्य रोगहरू (केन्सर, मृगौला तथा मुटुका) बिरामीहरूलाई रु. २०,०००।- सम्म आर्थिक सहायताको तोक लगाउन समेत गा.पा. अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्व सम्मतबाट पारित गरियो, साथै अति विपन्नलाई कुनैपनि रोगको उपचार अपेक्षा गर्ने त्यस्ता रोगीको प्रकृति हेरी बढीमा रु १० हजार सम्मको तोक आदेश गर्ने अधिकार प्रत्यायोजन गर्ने निर्णय समेत पारित गरियो।

निर्णय नं. ६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका अन्तर्गत साबिकको मकवानपुरगढी गा.वि.स. भवन नेपाल सरकार शान्ती तथा पुनर्निर्माण मन्त्रालयको अनुदान सहयोगमा निर्माण भई रहेकोमा त्यसको केही संरचना निर्माण गर्न अनुदान रकम अपुग भएकोले निर्माण धिन उक्त भवनमा रकम हाल्नको लागि थप रुपैंया पाँचलाख विनियोजन गर्ने सर्व सम्मत निर्णय गरियो।

(हस्ताक्षर)

निर्णय नं.६ प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुर गाउँपालिका अन्तर्गत वडा नं.६ का वडाअध्यक्ष शारिरिक रुपले अपाङ्गता भएकोहुँदा उहाँकोलागि मोपेड स्कुटर खरिदगर्न सम्बन्धित संस्थाहरुबाट प्राप्त हुने सहयोगमा नपुग रकम रु. गाउँपालिकाबाट सहयोग गर्ने सर्व सम्मत निर्णय गरियो।

निर्णय नं. ८ प्रस्ताव नं. ८ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढीको वडा नं. ६ र ८ मा शिवम सिमेन्टबाट संचालन भएको चुन ढुङ्गा खानीबाट यस भेगका बस्ती हरु कुनै न कुनै रुपले प्रभावित भइरहेका हुँदा त्यस्तो प्रकारको प्रभाव न्यूनिकरण तथा नियन्त्रणकालागि गाउँपालिका तथा शिवम सिमेन्ट उद्योग व्यवस्थापन विच कार्यगत सहमती गर्न आवश्यक पहल कदमी लिने सर्व सम्मत निर्णय गरियो।

निर्णय नं. ९ प्रस्ताव नं. ९ को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाले आन्तरिक स्रोतको अवस्था वृद्धि गर्ने उद्देश्यका साथ गत श्रावण महिनामा खोलिएको टेण्डरमा केही भाषागत त्रुटीको कारण स्वीकृत भएको बोलकबोल फारामका ठेकेदार पक्ष संग सम्झौता प्रकृया अगाडि बढाउन नसकिएको हुँदा सहजीकरण समिति को सिफारिस बमोजिम उक्तानुसार खोलिएको ठेक्का रद्द गरी ठेकेदारले धरौटी स्वरुप जम्मा गरेको रकम रु. फिर्ता भुक्तानी गरिदिने निर्णय सर्व सम्मत बाट पारित गरियो।

निर्णय नं. १० प्रस्ताव नं. १० को सम्बन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकालाई पूर्ण सरसफाई युक्त क्षेत्र घोषणा गर्ने अभियानमा सरसफाई दुतको मुख्य भूमिकाको आवश्यकता महसुस गरी नेपाल सरकारबाट खानेपानी तथा सरसफाई डिभिजन कार्यालय हेटौंडा मार्फत ५ जना सरसफाई दुत नियुक्ति प्रयोजन को लागि सम्बन्धित क्षेत्रमा कुनै न कुनै रुपले काम गरी रहेका सम्भावित तीन (३) जनाको नाम प्रस्ताव

Scanned with CamScanner

गरी पठाउन पत्राचार भएकोले सो को प्रयोजन
को लागि तपसिलका व्यक्तिहरुको नाम सिफारि
स गर्ने सर्व सम्मत निर्णय गरियो-।

सिफारिस गरिने व्यक्तिहरुको नाम, थर ठेगाना:-

क. श्री कविराज हुमागाईं मकवानपुरगढी-५
ख. श्री एमप्रसाद पौडेल (एम.पी. शर्मा मकवानपुरगढी)-३
ग श्री कल्पना श्रेष्ठ मकवानपुरगढी-४

निर्णय नं. ११ प्रस्ताव नं. ११ को सम्वन्धमा छलफल गर्दा
यस मकवानपुरगढी गाउँपालिकाबाट चालु आ.व.
२०७४/०७५ मा सञ्चालन गर्ने भनी निर्णय भएका
योजनाहरुको अनुगमन तथा निरिक्षण गर्न जाँदा
सवारी साधनको आवश्यकता पर्ने भएको हुँदा
त्यस प्रयोजनको लागि चारपाङ्ग्रे सानो सवारी
साधन भाडामा लिई सो अवधीभर चलाउने
निर्णय सर्व सम्मतबाट पारित गरियो साथै सो
लि नियम कानून अनुसार गाडी भाडामा लिने प्रकृया
आरम्भ गर्न कार्यकारी अधिकृत मार्फत कार्यलय
निर्देशन गर्ने निर्णय समेत सर्व सम्मतबाट पारित
गरियो-।

निर्णय नं. १२ प्रस्ताव नं. १२ को सम्वन्धमा छलफल गर्दा
यस गाउँपालिकाको वडा नं. ५ मा स्थापित कुखुरा
को चल्ला उत्पादन गर्ने ह्याचरी उद्योगको विरु-
द्धलाई लिएर उच्च अदालत पाटन हेटौंडा इजला-
समा यस गाउँपालिकालाई विपक्षी बनाई दायर
भएको रिटको सम्वन्धमा गाउँपालिकाको तर्फबाट
सो मुद्दाको प्रतिनीधिको रुपमा गाउँपालिकाको कार्यकारी
अधिकृत श्री मिनराज कोइरालाले उपस्थिती जनाउँदै
आउनु भएकोमा निजको अन्यत्र जिल्लामा सरुवा भई
जानु हुनु भएकोले अब उप्रान्त उक्त मुद्दामा गाउँपालि-
का को प्रतिनीधिको रुपमा यस गाउँपालिकामा ना.प्र.अ.
पदमा कार्यरत युवराज पौड्याललाई तोकने निर्णय
सर्व सम्मतबाट पारित गरियो-।।

(हस्ताक्षर)

Scanned with CamScanner